नेपाल सरकार

ऊर्जा मन्त्रालय

विद्युत विकास विभाग

# बुढीगंगा जलविद्युत आयोजना

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रकाशित मिति : २०७४/०७/२८)

यस आयोजनाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार आ.व. २०७४/०७५ मा तपसिलका कार्यहरु सिलबन्दी दरभाउपत्रबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त, मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक निर्माण व्यावसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको दरभाउपत्र आव्हान गरिएको छ।

| कार्यको विवरण | ठेक्का नं. | लागत अनुमान (भ्याट कन्टिन्जेन्सी बाहेक) | जमानत रकम (रु) |
|---|---|---|---|
| Kalepani Water Supply Scheme under Community Support Program, Babla, Sanfebagar Municipality, Achham | BHP/SQ/ Works-01-074/75 | 16,42,779.36 | 42,000 |
| Footstep and Shed for Masanghat at Ghurghurkot, Sanfebagar Municipality, Achham | BHP/SQ/ Works-02-074/75 | 10,38,340.93 | 26,000 |

१. प्रत्येक दरभाउपत्र मिति २०७४/०८/१२ गते कार्यालय समयभित्र रु.१०००।- (फिर्ता नहुने गरी) दस्तुर बुझाई अध्यावधिक इजाजत पत्र तथा मू.अ.कर, स्थायी लेखा नम्बर दर्ता भएको प्रमाणपत्र र आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाण पत्र वा कर दाखिला गरेको विवरण नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई यस कार्यालयबाट खरिद गर्न सकिने छ।

२. प्रत्येक दरभाउपत्र मिति २०७४/०८/१३ गते दिनको १२:०० बजे भित्र दाखिला गर्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १:०० बजे उपस्थित दरभाउपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्ने बाधा पर्ने छैन।

३. खरिद भएको दरभाउपत्र प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखी उल्लेखित म्याद भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दरभाउपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दर स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्ने छ। अक्षर र अंक फरक पर्न आएमा अक्षर लाई मान्यता दिइने छ।

४. दरभाउपत्र साथ धरौटी रकम जमानत वापतको रकम नेपाल राष्ट्र बैंङ्क, थापाथलीमा रहेको खाता नं. १२०१२०००१००२५२४, कार्यालय कोड नं. २७-३०८-१० मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (दरभाउपत्र खोलिने मितिले कम्तिमा ७५ दिनको मान्य अवधि भएको) पेश गर्नुपर्ने छ।

५. दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन हुने छ।

६. प्रत्येक दरभाउपत्रदातालाई सम्बन्धित कार्यहरुको स्थलगत निरिक्षण गर्न सूचित गरिन्छ।

७. दरभाउपत्र फारम र यस सूचनामा उल्लेख भएका विषयहरुको हकमा यसै सूचना अनुसार र अन्य विषयहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ एवं प्रचलित ऐन नियमानुसार हुनेछ।

८. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

९. प्रत्येक दरभाउपत्रदाताबाट पेश भएको दरभाउपत्र उल्लेखित आइटमहरुमध्ये पूर्ण वा आँशिक रुपमा कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। प्रत्येक कार्यको अलग-अलग मूल्यांकन र निर्णय लिइने छ।